वर्ष : २१, अंक : २३, काठमाडौं, २०८२ कार्तिक १४ गते शुक्रबार, 31 October, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## मधेशमा विकास साझेदारहरूको सहयोग अपरिहार्य : मुख्यमन्त्री



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले मधेशमा विकास साझेदारहरुको सहयोग अपरिहार्य रहेको बताएका छन् । नेपालका लागि बेलायती राजदूतावासको विकास कार्यक्रम प्रमुख पौलिन सिनन नेतृत्वको टोलीसँग शिष्टाचार भेटघाट गर्दै उनले सो कुरा बताएका हुन् ।

मुख्यमन्त्री निवास मधेश भवनमा भएको भेटका क्रममा मुख्यमन्त्री सोनलले प्रदेश सरकारको प्रमुख प्राथमिकता शिक्षा, स्वास्थ्य र कृषि क्षेत्र रहेको उल्लेख गर्दै ती क्षेत्रको विकासका लागि विकास साझेदारहरूको सहयोग अपरिहार्य रहेको बताए । उनले प्रदेशको समग्र विकासका लागि बेलायती दूतावासजस्ता अन्तर्राष्ट्रिय साझेदारहरूसँग सहकार्य गर्न प्रदेश सरकार तयार रहेको शिष्टाचार भेटघाटको क्रममा जानकारी दिए । सो अवसरमा बेलायती टोलीकी प्रमुख सिननले प्रदेश सरकारका विकास प्रयासहरूमा सहकार्य र समर्थनका लागि दूतावास प्रतिबद्ध रहेको बताउँदै सम्भावित सहकार्यका क्षेत्रमा छलफल गर्न इच्छुक रहेको बताइन् । भेटघाटमा प्रदेश सरकारका उच्च अधिकारीहरू र बेलायती दूतावासका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो ।

# मुख्यमन्त्री सोनललाई विश्वासको मत लिन कतिको सहज ?



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले विभिन्न साना दलहरुको समर्थन प्राप्त गरे पनि आगामी दिन निकै चुनौती र अवसर पनि त्यतिकै छन् । मधेश प्रदेशसभाका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले बाहेक अन्य सानाहरु दलहरुको समर्थन मुख्यमन्त्री सोनललाई रहेको दाबी गरिएको छ । प्रदेश सभाका पाँच दलको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका उनले पछिल्लो समय साना दुई दललाई पनि गठबन्धनमा सामेल गरेका छन् ।

जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी नेपालको समर्थनमा मुख्यमन्त्री बनेका सोनलले विश्वासको मत लिनु अघि नागरिक उन्मुक्ति पार्टी र नेपाल संघीय समाजवादी पार्टीलाई पनि गठबन्धनमा सामेल गराएको भनिएको छ । मुख्यमन्त्री सोनलले कात्तिक २२ गते प्रदेश सभाबाट विश्वासको मत लिने तयारी गरेका छन् । सत्ता गठबन्धनमा कुनै खटपट नभए उनलाई प्रदेश सभामा बहुमत सिद्ध गर्न समस्या हुने छैन ।

तर साना-साना दलहरुमध्ये दुई जना सांसद मात्रै फ्लोर क्रस गरे मुख्यमन्त्री सोनललाई समस्या पर्नेछ । मुख्यमन्त्री सोनलका लागि सत्ता गठबन्धनमा रहेका सबै दलबिच सन्तुलन र समन्वय कायम गर्नु पहिलो र सबैभन्दा कठिन चुनौती बनेको छ । मन्त्रालय भागबण्डा, दलहरूको स्वार्थ अनुसारका विभिन्न विकासका आयोजना सञ्चालन लगायतका विषयमा मधेसका गठबन्धनबिच मतभेद देखिनु पुरानै रोग हो । यसबाट मुख्यमन्त्री सोनल कसरी मुक्त हुन्छन् भन्ने पनि चासोको विषय बनेको छ ।

प्रदेश सभाका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले विपक्षी कित्तामा छन् । प्रदेश सभामा कांग्रेसका २२ र एमालेका २३ सांसद छन् । करिब एक दर्जन सांसद आफ्नो पक्षमा पार्न सके यी दुई दल कुनै पनि समय सत्तामा दावी गर्ने अवस्थामा पुग्छन् । त्यसैले गठबन्धनलाई स्थिर राख्न मुख्यमन्त्री सोनलका लागि ठूलो चुनौती हुने देखिन्छ ।

अर्कोतिर जनमत पार्टी यतिबेला विभाजित छ । जनमत पार्टी विभाजनले प्रदेश सभाको अंकगणितलाई तत्काल ठूलो प्रभाव नपारे पनि यसले प्रस्ट आकार लिन बाँकी नै छ । कांग्रेसका नेताहरू भने मुख्यमन्त्रीको कुर्सी आफ्नो हातबाट फुत्किएको पीडामा छन् र अवसर मिलेबित्तिकै नयाँ सत्ता समीकरण बनाउन सक्रिय हुने संकेत दिइरहेका छन् ।

## वडा अध्यक्ष रामेश्वर महतोको नेतृत्वमा जेन-जी युवामाथि कुटपिट

सर्लाही । सर्लाहीको चन्द्रनगर गाउँपालिका-१ मा वडा अध्यक्षको नेतृत्वमा जेन-जी युवामाथि कुटपिट भएको छ। वडा नं १ का वडा अध्यक्ष रामेश्वर प्रसाद महतो, उनका भतिज मुकेश महतो, अजय महतो, अनिल महतो, सहयोगी राम साह, बिजय महतो र शंकर महतोलगायतको समूहले सोही वडा निवासी किसनपुरका जेन-जी युवा विवेकानन्द गुप्तामाथि सामूहिक आक्रमण गरेको छ।

घटनास्थलका स्थानीयका अनुसार वडा अध्यक्ष महतो पक्षले गुप्ताको घर नै घेराउ गरी कुटपिट गरेको हो। यस घटनापछि गाउँमा तनावपूर्ण अवस्था सिर्जना भएको छ। घटनाको सुरुवात वडा कार्यालयको मोटरसाइकल चोरी विवादबाट भएको बताइएको छ। कार्तिक २ गते आइतवार वडा कार्यालयका सचिव रमन लुईटेलको मोटरसाइकल वडा अध्यक्ष महतोले प्रयोगका लागि लगेको थिए। तर सो विषयमा सचिवलाई जानकारी नदिई मोटरसाइकल लिइएपछि युवाहरूले सामाजिक सञ्जालमार्फत "वडा अध्यक्षले मोटरसाइकल चोरी गरेका छन्" भन्ने आरोपसहित पोस्ट गरेका थिए। सोही सामाजिक सञ्जालमा फैलिएको आरोपको विषयलाई लिएर वडा अध्यक्ष पक्षले जेन-जी युवा गुप्तामाथि कुटपिट तथा गालीगलौज गरेको जेन-जी युवा दिपेश कुमार महतोले जानकारी दिएका छन्।

वडा कार्यालयका सहयोगी पशुपति महतोले आइतबार राति करिब १० बजे वडा नं १ को कार्यालय खोलदा वडा अध्यक्षले सचिवको मोटरसाइकल त्यहाँ राखेका थिए। त्यसपछि वडा अध्यक्षले आफ्नो निजि मोटरसाइकल फिर्ता लगेको बताइन्छ। घटनापछि जेन-जी आन्दोलनका घाइते नेता उदय प्रकाश साहको नेतृत्वमा युवाहरूले वडा अध्यक्ष रामेश्वर महतोमाथि कारवाहीको माग गर्दै विरोध प्रदर्शन गरेका छन्। उनीहरूले वडा अध्यक्ष पक्राउ पर्नुपर्ने मागसहित नारा बाजी गरेका छन्। जिल्ला प्रहरी कार्यलयका प्रवक्ता सरोज राइले घटनाको अनुसन्धान सुरु गरेको बताउनुभयो । उहाले अहिले अवस्था समान्य भएको र दुवै पक्षलाई छलफलको लागि बोलाइएको जानकारी दिनुभयो ।

## 'पार्टीका सांगठनिक गतिविधिले पार्टीलाई 'अपडेट र अपग्रेड' गर्न मद्दत पुर्‍याएको छ'

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले पार्टीको सांगठनिक गतिविधिले पार्टीलाई अपडेट र अपग्रेड गर्न मद्दत पुर्‍याएको बताएका छन् । जसपा नेपालले झण्डै एक वर्षदेखि सञ्चालन गर्दै आएको 'जनतासँग जसपा नेपाल आधारभूत संगठन निर्माण अभियान' बारे धारणा राख्दै बस्नेतले पार्टीका पछिल्ला सांगठनिक गतिविधिले समसामयिक राजनीति, जेनजी विद्रोहको म्याण्डेट र पार्टीका आगामी कार्यदिशालगायतका विषयमा पार्टीलाई मार्गनिर्देश गरेको बताएका हुन् । बस्नेतले भने, 'अभियान अन्तर्गत विभिन्न तहगत समितिको अधिवेशन, पार्टी समिति गठन र पुनर्गठन, पार्टी प्रवेश, सदस्यता वितरण तथा नवीकरणलगायतका कार्यहरु भए । यिनै सांगठनिक गतिविधिले पार्टीलाई जीवन्त र क्रियाशील बनाउने काम गर्यो । पार्टीले महत्वपूर्ण पृष्ठपोषण प्राप्त गरेको छ ।'

पार्टी संगठनका प्राथमिकताहरु समयसँगै बदलिदै जाने बस्नेत बताउँछन् । 'पहिले सांगठनिक शक्ति आर्जन गरेर जनता र समाजका लागि आवश्यक योगदान गर्ने उद्देश्य राखिन्थ्यो भने अब इमान्दारी र निष्ठापूर्वक जनता र समाजका लागि आफूले सक्ने योगदान गरेर पनि राजनीतिक र सांगठनिक शक्ति आर्जन गर्न सकिने भएको छ,' उनी भन्छन् ।

## आवश्यकता परे जसपा नेपालसँग सहकार्य गर्छौं : डा.राउत



सप्तरी । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले जनता समाजवादी पार्टी नेपालसँग जनमत पार्टीको कुनै द्वन्द नरहेको बताएका छन् । उनले आवश्यकता परे जसपा नेपालसँग सहकार्य गर्न तयार रहेको बताएका हुन् । माथिल्लो स्तरमा एकअर्का पार्टीसँग राजनीतिक एजेन्डामा सँगै छलफल हुने गरेकाले धरातलमा काम गर्ने कार्यकर्तालाई पनि एकअर्का पार्टी कार्यकर्ताबीच विवाद नगर्न आग्रह गरेका छन् । जेनजी आन्दोलनको सोच सकारात्मक रहे पनि उनीहरूसँग रोड म्याप नरहेको राउतले टिप्पणी गरे । के गर्न खोजेको भन्नेमा जेनजीले आफैं अन्यौलतामा रहेको उनले बताए ।

सरकारले निर्वाचनअघि नोटबन्दी गरे केही हदसम्म निर्वाचन स्वच्छ हुने बताएका छन् । सप्तरीको राजबिराजमा आइतबार पत्रकार भेटघाटमा राउतले अहिले निर्वाचन अघि सरकारले नोटबन्दी गरे परिवर्तन देखिने बताएका हुन् । उनले नोटबन्दीले नयाँ युवाहरूलाई आश्वस्त गर्ने बताउँदै उनले यस्तो कदममा आफ्नो पार्टीले पनि सघाउने बताए । 'नेपाली अर्थतन्त्रमा अनौपचारिक तरिकाबाट पैसाको प्रवाह बढी भइरहेको छ, त्यही भएर डिमोनिटाइजेसन गरियो भने पुरै नभएपनि निर्वाचन केही हदसम्म स्वच्छ हुन्छ,' उनले भने, 'यो प्रस्ताव कसैले राख्छ भने त्यसमा हाम्रो समर्थन हुन्छ ।'

संसद् विघटन कानुनसम्मत नरहेपनि प्रतिनिधि सभाको निर्वाचन तोकिएकै समयमा गराउनुपर्ने उनको धारणा छ । पुनः प्रतिनिधि सभा कायम गरिए आन्दोलनकारीको मनोभावनामा ठेस लाग्ने उनले भने । ताजा चुनावी म्यानडेडको लागि समयमै निर्वाचन गराउनुपर्ने बताएका छन् ।

ह्वाटस्याप र फेसबुकबाट प्रभावित युवाहरूले संघीयता नचाहिने भन्ने गरेको प्रति पनि उनले चिन्ता व्यक्त गरे । लहैलहैमा संघीयता विरोध नगरि विचार अध्ययन गरेर तर्कसँग कुरा गर्न समेत उनले आग्रह गरे ।

## हत्यारालाई जोगाउने र पीडितलाई तर्साउने खेलमा जब प्रहरी प्रमुख लागेपछि...

रौतहट । रौतहटको फतुवाबिजयपुर-२ सितलपुर निवासी शंकर साहको हत्या भएको १५ दिनभन्दा बढीभइसकेको भएपनि स्थानीय प्रहरीले हत्यारालाई कारवाही गर्न कुनै चासो नदिएको गुनासो गरेका छन् । मृतकका परिवारले पीडितलाई न्याय दिनुको साटो स्थायी प्रहरीले हत्यारालाई जोगाउने र पीडित परिवारलाई दुखदिने गरेको गुनासो गरेका छन् । मृतकका छोरा सन्तोष साहले फतुवाबिजयपुरका प्रहरी प्रमुख एवं इन्सपेक्टर (प्रहरी निरिक्षक) सुरेन्द्र यादवले हत्यारालाई कारवाही गर्नुको साटो बचाउने खेलमा लागेको बताए ।

'हामीलाई पत्रकार र समाजमाथि विश्वास छ । हामीलाई अरुकेही पनि होइन न्याय चाहियो । मेरो बुवाको हत्यारालाई जसरी पनि कारवाही गर्नुपर्छ भन्ने हाम्रो माग हो,' मृतकका छोरा साहले भने, 'तर यहाँको इन्सपेक्टर सुरेन्द्र यादवले हत्यारालाई कारवाही गर्नुको साटो जोगाउँने खेलमा लागेको देख्दा हामीलाई दुख लागेको छ । हत्यारासंग पैसा लिएर हो की जातिय कारणले मलाई थाहा भएन तर उनी हत्यारालाई कारवाही गर्नुको साटो जोगाउँने खेलमा लागेका देखिन्छ । तपाईहरुले हामीलाई न्याय दिलाइदिनुपर्यो ।'

मृतकका छोरा साहका अनुसार शंकरको हत्यामा स्थानीय हरिदेव राय यादव, कपिलदेव राय यादव, ब्रह्मदेव राय यादव, सरेश राय यादव, अरविन्दकुमार यादव, रितेशकुमार यादव लगायत व्यक्ति हत्यामा संलग्न रहेका छन् ।

हत्या घटनाको बारेमा बिस्तृत जानकारी दिदै उनले भने, 'उनीहरुले म र बुवा दुबैलाई कुटपिट गरे । उनीहरुले पहिले देखी नै धम्किदिने, ज्यान मार्छु भन्ने, हामी यहाँ जे चाहन्छौ त्यही हुन्छ, तिमिहरु बढी यताउती नगर । यहाँको प्रहरी प्रमुख पनि हाम्रो जातकै हो । हामी जेभन्छौ त्यही उहाँ मान्ने हो । प्रहरी प्रशासन सबै हाम्रो मान्छे हो । तिमिले केही गर्नसक्दैनौ ।'

हत्या भएको यतिका दिन बितेपनि प्रहरीले आफूहरुको कुरा नसुनी उही हत्याराकै संरक्षणमा लागेको पीडित परिवारको गुनासो छ । हत्यारालाई बचाउने, पीडितलाई तर्साउने खेलमै प्रहरी लागेपछि उनीहरुले न्यायका लागि पत्रकार, समाजसंग गुहार मागेका छन् । यसैबीच, आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले पीडित परिवारलाई न्याय दिन, हत्यारा जो भए पनि कानूनी कारवाहीको दायरामा ल्याउन नेपाल सरकार गृह प्रशासनको गम्भिर ध्यानाकर्षण गराएका छन् ।

समाजमा घटने कुनै पनि घटनाको अनुसन्धान गर्ने र पीडितलाई न्याय दिदै पिडक एवं दोषीलाई कानूनी कारवाहीको दायरामा ल्याउने जिम्मेवारी पाएको प्रहरी नै हत्यारालाई जोगाउँने खेलमा लाग्नु दुखद भएको आजपा अध्यक्ष साहले जनाएका छन् । पीडितलाई न्याय नदिने, हत्यारालाई जोगाउँने, आफ्नो कर्तव्य पालना नगर्ने फतुवाबिजयपुरका इन्स्पेक्टर सुरेन्द्र यादवलाई तुरुन्त कारवाहीको दायरामा ल्याउनुपर्ने माग उनले गृहप्रशासनसंग गरेका छन् ।

'फतुवाबिजयपुर नगरपालिका-२ सितलपुर निवासी शंकर साहको हत्या यही असोज २६ गते भएको थियो । उक्त हत्याकाण्डमा दोषीलाई कारवाही गर्नुको सट्टा बिजयपुर ईलाका प्रहरी कार्यालय प्रमुख ईन्स्पेक्टर सुरेन्द्र यादवले हत्यारा बचाउन लागेको आरोप पीडितले लगाएको सुन्दा अचम्म लागेकोछ । अनुसन्धानको जिम्मा पाएका प्रहरी प्रमुखले निष्पक्ष छानबिन गर्नुको सट्टा हत्याराकै बचाउमा लाग्नु दुखद हो । यस्ता कर्तव्यहीन प्रहरी अफसरलाई तुरुन्त कारवाहीको दायरामा ल्याउन नेपाल सरकार गृह प्रशासनको गम्भीर ध्यानाकर्षण गराउदछु,' आजपा अध्यक्ष साहले सामाजिक सञ्जालमा लेखेका छन् ।

## सम्पादकीय

# विकास र समृद्धि किन प्राथमिकतामा परेन ?

मधेशका किन विकासले गति लिन सकेन भन्ने विषयमा विमर्श भएकै छैन । मधेशको विकास कुनै पनि मधेशी दलको एजेन्डा नै बन्न सकेको छैन । राजनीति, व्यक्तिगत र दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थ हासिल गर्ने सशक्त माध्यम हुन नसक्दा नै मधेशको आर्थिक विकास र समृद्धि झन् ओरालो लाग्दो अवस्थामा देखिएको हो । राजनीतिको सम्बन्ध जनताको जीवनस्तर, आर्थिक उन्नति र प्रगतिसँग नरहेकाले पनि मधेशको आर्थिक विकास र समृद्धि ओरालो लाग्दो अवस्थामा पुगेको हो ।

मधेशका जिल्लाहरूको मानव विकास सूचकाँकसमेत गिर्दो अवस्थामा छन् । यस्तो अवस्थामा देखिएको राजनीतिक अस्थिरताले त्यहाँको अर्थतन्त्रको अवस्था झन् संकटग्रस्त हुने प्राय: निश्चित छ । जानकारहरूको भनाइमा आर्थिक रूपान्तरणको अनुभूति गराउन नसक्नु र जनताको जीवनस्तर बढाउन नसक्नुमा आर्थिक मुद्दामा राजनीतिक दलले आँखा चिम्लने प्रवृत्ति नै बढी जिम्मेवार भएको देखिन्छ । किनभने राजनीतिक र आर्थिक मुद्दासँगै जानुपर्नेमा राजनीतिक दल विकासभन्दा राजनीतिमा नै बढी केन्द्रित भएकाले पनि जनताको जीवनस्तर बढन नसकेको हो । मधेश सम्भावनाको प्रवल स्रोत भएको क्षेत्र हो । तर यो क्षेत्रलाई जहिले पनि राजनीतिको केन्द्र मात्र बनाइयो । विकास र समृद्धिको बाटोमा मधेशलाई अगाडि बढाउन आवश्यक छ । मधेशी जनतालाई आन्दोलनका लागि मात्र प्रयोग गर्दै आएका मधेशी दलहरूले अबका दिनमा निर्वाचनमा भोट लिनको लागि मात्र प्रयोग नगरी विकासको एजेन्डालाई प्राथमिकतमा राख्नुपर्छ ।

राष्ट्रिय राजनीतिमा मधेशका समुदायबाट प्रभावशाली नेताहरू पनि जन्माउन सफल भएका छन् । काँग्रेसका महेन्द्र नारायण निधी, विमलेन्द्र निधी, चित्रलेखा यादव, विजय कुमार गच्छदारदेखि कम्युनिष्ट पार्टीका माधव कुमार नेपाल, प्रभु साह, गिरिराजमणि पोखरेल, मातृका यादव, रघुवीर महासेठसम्म मधेशकै भोटबाट जितेर मन्त्री भएका हुन । अझ मधेशी दलका नेताहरू मन्त्री बन्नकै लागि पार्टी बनाएका हुन । उनीहरू पदमा रहँदा मधेशले गौरव गर्ने लायक कुनै भौतिक संरचना पाउन सक्यो ? उनीहरू सत्तामा रहँदा मधेशको विकासमा टेवा पुग्ने काम भयो ? निश्चित रूपमा भएको छैन । सरकारले गर्ने नियमित विकासको कार्यक्रमलाई आफूले गरेको देखाएर जनता ठग्ने प्रवृति उनीहरूले पटक पटक देखाउँदै आएका छन् । नेताहरूमा मधेशको विकास गर्नु पर्छ भन्ने चिन्तन नै छैन । मधेशलाई मात्र भोटका लागि उपयोग गर्ने यस्ता नेताहरूबाटै मधेश हैरान छ, प्रताडित छ ।

यस्तै राजनीतिकर्मीहरूका कारण मधेशप्रतिको छवि घुमिल हुँदै गइरहेको छ । किन उनीहरूले आफू पदमा रहँदा मधेशका लागि उल्लेखनीय र गौरव गर्ने लायक काम गर्न सकेको ? यसको स्पष्ट जबाब के छ भने सत्ता लिप्सा र संकीर्ण मानसिकता । त्यसैले मधेशबाट नेतृत्व गर्ने नेताले आफूलाई समयसापेक्ष अद्यावधिक गर्नु जरूरी छ । राजनीतिक अस्थिरता, सुशासनको कमी, सुरक्षा र लगानीमैत्री वातावरणको अभाव तथा रोजगारको क्षेत्रमा बढ्दो राजनीतिक स्वार्थका कारण मधेश आर्थिक रूपले समृद्ध हुन सकेको छैन । फलस्वरूप गरीबी र विपन्नताको दुश्चक्रबाट बाहिर निस्कन सकेको छैन । यसको सबैभन्दा बढी प्रभाव मधेश प्रदेशमा परेको छ ।

दलहरू, अझ बढी मधेशी दलहरूले विकासको मुद्दालाई पछाडि पार्दै राजनीतिक मुद्दा मात्र अगाडि बढाएको हुनाले पनि २०६२/६३ सालदेखि सुरू भएको मधेश आन्दोलनले मधेशको विकासमा खासै भूमिका खेल्न सकेको छैन । मधेशमा जे जस्ता स्रोत, साधनहरू उपलब्ध छन्, त्यसैका आधारमा समग्र विकासमा ध्यान दिनु जरूरी छ ।

# जेन्जी विद्रोह र आतंकको राज्य



जयप्रकाश आनन्द

खै तिथी मितिको यकिन भएन। हामी स्कूलका ठूलै क्लासमा पुगिसकेका थियौं। क्लास ठूलो भएर के गर्नु उमेरको हिसाबले आठ बर्ष र कक्षाको हिसाबले पाँचमा पुगेपछि मात्र हामी अंग्रेजीको अल्फावेट पढन शुरू गरेका थियौं। यसको केहीपछि मात्र हामी सबै दौतरीहरू आफुलाई अरू भन्दा बढी पढक्कर देखाउन "ग्रेड सिक्स" र अंग्रेजीको अर्को नाम "इंगलिस" भन्न थालेका थियौं। जे होस, यो भन्दा पहिला नै मलाई भारतको अर्को नाम इंडिया हो भन्ने थाहा भैसकेको थियो। तर, मेरै केही साथीहरू थिए जस्को एकाघरका काका दाजुहरू निकै क्लास उक्लेका थिए। परिवार कै यी सिनीयरहरूको संगत र हप्कीदप्कीमा केही साथीहरूमा अलिक छिट्टै अंग्रेजी पसेको थियो। छिप्पिएकोलाई हामी गाँउको भाखामा "जुयाएल" भन्थ्यौं। ती साथीहरू भने छिट्टो इंगलिस जान्ने भएकोले अलिक जुयाएल छन् भनेर हामी आपसमा गफिन्थ्यौं। म पनि 'सोभियत भूमि' पढेर 'युएसएसआर' त बुझेकै थिए नि!

बि.स. २०२८ हाम्रो निम्ति बडो उल्लेख्य छ। यही साल देखि शिक्षा क्षेत्रमा नयाँ शिक्षा योजना लागू भएर ठूला शहरका कलेजहरूमा उम्लिरहेको पंचायती व्यवस्थाको विरोधी चेतना हाम्रो गाँउको स्कूल तिर पनि आईपुगेको थियो। त्यस बखतका सर्वाधिक चर्चित नेता रामराजा प्रसाद सिंहले मेरो गाँउमा नेपाल बिद्यार्थी संघको शाखा उदघाटन गर्नु भएको थियो। हामी मध्ये धेरैले उहाँलाई जिल्लाको जमिंदारका बिद्रोही छोराको रूपमा चिनेका थियौं। काठमांडू तिर उहाँको वकालतको बडो चर्चा भैरहेको थियो। त्यस दिन उहाँको भाषण बेजोडको थियो। हामीले गणतन्त्र बुझेका थिएनौं, पंचायती व्यवस्थाको कठोरताका दिनहरू थिए। तर, तेस बेला नै रामराजाको बोली राजाको बिरोधमा कडा थियो। हाम्रो मनमा रामराजाले आगो लगाएर जानु भो। यसपछि उहाँ जेल परेको सुन्यौं। रेडियोमा जति बेलापनि देशमा बिकासको मूल फुट्ने कुरा सुनिन्थ्यो। यो मूल फुटने कुरा सुनेर हामी खेतबारीमा पनि सावधानीले हिडन थालेका थियौं। यस अघि देखि नै खासगरी बि.स. २०२४ सालपछि जतातत्तै "जनसहभागिता" र "जनश्रमदान" शब्दहरू सुनिन्थ्यो। मेरो गाँउ छेउबाटै राजमार्गको रेखांकन भएको थियो। अन्तैबाट यसको नामांकन महेन्द्र राजमार्ग भै यो नाम हाम्रो गाँउमा आई पुगेको थियो र यो सर्वाधिक कुराकानीको बिषय पनि भएको थियो। यस राजमार्गको बारेमा कोशी ब्यारेज पारी बडो बिवाद थियो। कोशी ब्यारेजको ५६ ढोका अहिले सप्तरी र सुनसरीमा २८-२८ गरी बाडिएको छ। तर तेसबेला कोशी बैरेज पारी लौकही, अझ् खुनिया खोलासम्म सप्तरी नै पर्दथ्यो, सप्तरीका छ वटा पंचायत उतै थियो। राजमार्गको रेखांकन आजको ईनरूवा बजार छलेर उत्तर तिरबाट पश्चिम लाग्ने योजना थियो। ईनरूवाका होमबहादुर श्रेष्ठ र दीलबहादुर श्रेष्ठ दाजुभाई बलिया पंच नेताहरू थिए। उनिहरूले बलजोड गरेर ईनरूवासंग टसाएर राजमार्गको रेखांकन गराएको कुराको बडो चर्चा थियो। यद्यपि, हाम्रा गाउँका भद्रभलाद्मीहरूको मत थियो- जे गरे पनि बाटो त कोशी बैरेज भएरै आउने हो नि! डर यस कुरोको थियो कि भारदहबाट हनुमाननगर हुदै राजबिराज तिर लाग्ने हो कि कंचनपुर हुदै आजको बाटो भएकै रूपमा बढने हो। मेरा गाउँका ठुलाबडाको कम पहुँच थिएन्, छत्रबहादुर सिजापति पंचायतका रजगजबाल नेता सूर्यबहादुर थापाका साख्य बहिनी ज्वाई थिए। बोधबिक्रम पंत, डा. लक्ष्मीनारायण दत्त, बस्नेतहरू, लुईटेलहरूको बडो पहुँच थियो। अन्तत: बाटोको रेखा कंचनपुर हुदै जानेगरी कोरियो। नभए, आज बरमझियाको पेडा थाहा हुने थिएन दुनियाँलाई। यसबाट बडो उत्साहित भए हाम्रा अग्रजहरू। अनि नयाँ बन्ने यस राजमार्गमा गाँउका सबैलाई हाँसीखुशी जनश्रमदान गर्न लगाईएको थियो। अब यही राजमार्ग भएर बस आउने छन् यो हाम्रो निम्ति सबैभन्दा ठूलो कौतुहलताको बिषय भएको थियो। जबकि, यस पछि पश्चिम-दक्षिण सप्तरीका ठुला नेताहरू कंचनपुरीयाका बिरोधी भए, लामो समयसम्म। बाटो बन्ने भएपछि पारी बिहारको भीमनगर, बीरपुर, फारबिशगंज जाँदा देखिने बसहरूसंग हामी मनमनै हाम्रो गाँउ तिर पनि गुडी आउन अनुरोध गरिरहेको हुन्थ्यौ । सीमा पारीको "अग्रवाल बस" र बिराटनगर तिरको "आराथुन बस" को आगमन हाम्रो लागि लक्ष्मी पूजामा धन सम्पतिको बर्षा होस भन्दापनि ठूलो आराधनाको बिषय बन्यो। स्कूलका सरहरूले पर्खन भन्थे, अब बस चढन पाउछौं, दिनै पिच्छे लोभ्याउथे।

अह् क्याबात थियो, त्यसबाटोमा फत्तेपुर हुदै भारदहसम्म हनुमाननगरका लक्ष्मीले पैसेन्जर बोक्ने "विलीज" जीप चलाएका थिए। हो, फत्तेपुर तिरबाट काठको गोलिया ढुवानी गरेर सीमा पारी पुर्याउने उ बेलाको "शक्तिमान" ट्रकलाई सार्वजनिक यातायात नमान्ने हो भने लक्ष्मीको विलीज जीप नै हाम्रो गाँउठाँउको पहिलो सार्वजनिक यातायात थियो। यस जीपका खलासी बडो मुस्तैद हुन्थे। कुनै पनि कारणले जीप रोकिना साथै खलसीयाले तुरन्तै जीपको सधैं खुला रहने रेडिबाटरको ट्यांकमा झट्ट पानी हाल्ने गर्थे। जीप स्वंयले जन्माउने पाउडर धुलोको बादल भित्र आफ्नो बाटो खोज्दै बढनु पर्दथ्यो। स्टार्ट बन्द भयो कि चंखे खलसीया तुरून्त हैण्डिललाई बोनटको अगाडीको प्वालमा छिराएर फन्नक्क घुमाउने। क्याच्च क्याच्च गर्दै घुर्धुर्घुर आवाजसंगै स्टार्ट हुनु....अहा...क्या अनुभव थियो! स्कूलमा हाम्रा अग्रज केही दाईहरू मैट्रिक पास गरी विराटनगर तथा अन्यत्रका कलेजहरूमा नेतागिरी गर्न शुरू गरेका थिए। पुष्कर दत्त, नन्दप्रसाद गजुरेल, बिकाशबिक्रम पंत, खगेन्द्र खडका, अर्जुनसिंह परमार आदि। बिकाश पंत बडो तिख्खर, सामाजिक काममा पनि खुब सक्रिय हुने। उनिहरूले विराटनगर तिरबाट बस चलाउने जुक्ति मिलाए। यसपछि हाम्रो गाँउमा "आराथुन" बस आउने भयो। कति धेरै कौतुहलता थियो हामीमा! खानापिन सबमा बेपर्वाह भएका थियौ हामी! बस आओस् यही थियो चाहना। हामी कक्षा कोठामा थियौं। अचानक, टाडाबाट ठूलो आवाज आयो, आईरह्यो। घ्वाँ घ्वाँ.....घुर्धुर्घुर...घुर्धुर्घुर गरी! स्कूल भरी कोलाहल मच्चियो! बस आयो..बस आयो....! सर्वत्र यही आवाज...एलै बस..बस एलै...! भईया हौं...नेपाली मैथिली..एउटै आवाज बन्यो..बस आयो ! बस एलै हौं !! सरकारी कामकाजको भाषा र राष्ट्र भाषा एउटै भयो..बस आयो! बस एलै !! घच्क्क घच्क्क गर्दै बस स्कूलको अगाडी हुदै चाँदनी चौक तिर लाग्यो।

स्कूलको अनुशासन भंग भयो। उ बेलाका साना-ठुला सबै 'जेनिजी'हरू फुक्का भए, सबै बन्धन चुँडियो। शिवनाथ सिंह सबभन्दा कडा हेडसर फेल भए! ढोडिया सर अर्थात जनक किशोर लाल दास। सब भन्दा कडा सर..फेल! दौड रे ! कुदौ..साथी...भाग रे...!!! सब चान्दनी चौक तिर बस हेर्न। बस छुन...!! बस चढन...!!! तर, मास्टरहरूले कहाँ मान्थे र ? पहिले देखि नै बालेश्वर झा ले तयार पारी राख्ने बाँसका करचीहरूको छडी एकाएक सबै मास्टरहरूका हातमा पुग्यो। बालेश्वर झा, हाम्रो स्कूलको पियन थिए। बदमास विद्यार्थीहरूलाई तह लाउने छडीका उनी स्टोकिष्ट हुन्थे। हेड सरले माग्यो कि तयार। त्यस बेला त्यसै भयो। तर सरहरू नरम भए। उनिहरू हामीलाई व्यवस्थित पारेर बस देखाउन चाहेका मात्र थिए। आज म याद गर्छु, हाम्रा ती सबै गुरू तथा स्कूलका पियन पालेहरू अस्ती भदौं २४ गतेसम्म रहेका नेपाल मुलुकका प्रधानमंत्रीको भन्दा धेरै ज्ञानी थिए। हाम्रा स्कूलका बालखहरू भाग्छन् भनेर बस न पठाउन बस कम्पनीलाई चिट्ठी लेखेनन्। बस आयो पनि र हाम्रो ईच्छालाई बिचारेर व्यवस्थित रूपमा बस देखाए पनि। कुनै दुर्घटना भएन। मलाई लाग्छ, हाम्रा धेरै नेताहरू स्कूल आदिमा न पढेर पनि आफुलाई बाल सुलभ मनहरूलाई माया गर्नै नसक्ने गरी नृशंस बनाए।

मानिसको त्यति ठूलो भीड मैले गाँउमा कमै देखेको थिए। हो, एक पटक लामखुट्टे अर्थात मच्छड भगाउने औषधि डि.डि.टी. पाउडर लिएर युएस ऐडको हेलिकोप्टर ओर्लेको थियो। त्यस बेलाको भीड जति बस हेर्ने बेला थिएन। चार जना पुलिस रहने चौकी थियो गाँउमा। अष्टमान श्रेष्ठ नामका हवल्दार थिए, झपक्क रात पर्नु अघिसम्म उनि कालो चश्मा लाउथे। वास्तवमा उनले लाएको कालो सिसाको चश्माले पुरै राज्य शक्तिलाई ढाकेर राखेको थियो। अहिले संझन्छु, उस्ले लिई हिडने सखुवा काठको सानो लट्ठी र चश्माले नदेखिने आँखामा राज्यको तीनवटै अंगहरू समाहित थियो। कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका; एक/चारको त्यो चौकीले कानूनको निर्माण, निसाफ र शासन सबै गर्दथ्यो। यिनै हल्दार अष्टमान आएपछि मात्र बस हेर्न आएका भीड नियन्त्रित भयो। हाम्रा सरहरूले राम्रो सुझाव दिए। बसको पछाडीको ढोकाबाट सबैलाई छिराउने र अगाडीको ढोकाबाट निकाल्ने। यसरी व्यवस्था मिलाईएपछि हामी समेत धेरैले गाँउमा पहिलो पटक पदार्पण गरेको बस हेर्न भ्यायौं। पंक्तिबद्ध भई बस भित्र छिरेपछि भ्याई नभ्याई भयो। कोही झ्याल खोल्ने, कोई झट्ट सीटमा बसी झ्याल बाहिर हेर्ने, कोई हिडदै नहिड्को बस गुडी पो हाल्छ कि भनेक बीच बीचमा ठडिएका फलामे पोल कस्सिएर समाई रहेको...अनेक उपाय गरी सरहरूले बाहिर पुर्याए हामीलाई। यस पछि दिनमा एक पटक त्यो आराथुन बस आउने र राती चाँदनी चौकमा बास बसेर भोली पल्ट बिहानै बिराटनगर तिर जाने यातायात सेवा शुरू भयो।

यही बेला यौटा न रमाईलो घटना भयो। चाँदनी चौकमा बडेमानको बरको रूख थियो, सयौं बर्ष पुरानो होला। राती बस तेसैको मुनी पार्क गरिन्थ्यो। बर रूखका हाँगाहरू तलसम्म लत्रिएका हुन्थे। रोकिएका बसको छानाको ठिक माथी छुने गरी। तेस रात बिचरा खलासी थकित भई तेही बसको छानामा सुतेका थिए, गर्मी छल्नलाई पनि होला। बिहान डरेभरले बोलाउदाँ उठेन। माथी गई हेर्दा त नाकबाट रगत बग्दै गरी चलमल छैन, मरे बिचरा। गाउँमा ठुलै हल्लीखल्ली मच्चियो। पुलीस प्रशासन आफ्नो काममा लागे। धामीझाक्रीहरूले देउता रिसाएको भने। मेरो साथी रितु भुजेलले भन्यो- "बुझ्यौं ठिक ठिक अध पहरीया...नाचे चौधरीया।" म उसको कुरा बुझ्नै गारो मान्छे। गफाडी थियो, मधेसमै जन्मेहुर्केको भुजेल खाट्टी भाषा बोल्थे। तर मैले बुझे। "अध पहर" भनेको बोलचालको भाषामा आधी प्रहर हो, आधी रात भनेको। उसले भनेको थियो, ठिक आधी रातको प्रहरमा चौधरीया भूतले यिनलाई मारे। नाक थिचेर मारे, तेसैले रगत बाहिरियो। हाम्रा स्कूलको सरले यसलाई कूतर्क भने। बिज्ञानका बिश्वनाथ साह सर हाम्रो गाउँका आईन्सटाईन थिए, अलवर्ट आईन्सटाईन। सरको बलियो मत थियो-"केटा हो, यस्तो कुरामा भर पर्नु हुदैन। राम्ररी बिज्ञान पढ, बोटानी पढ। यिनलाई अक्सिजनको अभाव भयो। "बनस्पतिले दिनमा कार्बन डाइअक्साइड लिएर अक्सिजन उत्सर्जन गर्छ, तर रातमा यसको विपरीत हुन्छ, अक्सिजन लिएर कार्बन डाइअक्साईड फाल्छ।" बुझ्यौ, यिनलाई तेसैले कार्बन डाइअक्साइड बढी भयो र मर्यो। म फसादमा परेको थिए-एकातिर रितु भुजेलको "चौधरीया थ्योरी" यता बिश्वनाथ सरको बिज्ञान। तर हामी सबै बिज्ञानको पक्षमा उभिएका थियौं। कुरा धेरै पुरानो भएपनि हाम्रो पुस्ता भने "राम अयोध्यामा जन्मेको होईन, हाम्रै ठाडीमा जन्मेका हुन्" भनेर "बाल्टीमा ध्यू अडन् सक्छ भने ध्यूमा बाल्टी किन अडदैन? भनी तर्क गर्नेमा परेनौं क्यार! अहिले गाँउमा बसेर यी कुराहरू संझिसंझि रमाईलो गर्ने मेरा दौतरी साथीहरू विरलै भेटिन्छन्। सब आफ्ना लालाबालालाई हुर्काउन, पढाउन र जागिर खान बाहिर बाहिरै छन्। यिनीहरु कमै गाँउ आउछन्। म पनि आज मात्रै केही दिनपछि गाँउमा ओर्ले। अनि भेट भयो, बिश्वनाथसंग। फेरी चिया पसलमा नाती खेलाउदै आईपुगे जयनन्दन मंडल। विश्वनाथ अहिले रिक्सा ठेला चलाउँछन्, जयनन्दन घरखेतीमा छन्। उही चाँदनी चौकको अवशेषमा यौटा चिया पसल छ। मैले मेरा दुबै बालसखासंग भेटने मौका जुर्यो। राती नाईट बसको सवारी गरी गाउँ ओर्लेको, अनि कुरा अठ्यो गाँउमा पहिलो पटक बस आएको!

विश्वनाथलाई रिक्सा ठेला लिई जाने हतार थियो। जेपी भेटदै गरौं है भनेर उनि लागे। म अहिले फेरिएको चाँदनी चौक मुन्तिर रहेको झुपरे चिया पसलमा धेरै वेर बसेर पुराना कुराहरू संझना गरिरहें।

# देशको नेतृत्व गर्न कांग्रेसले जेनजीको माग र उर्जालाई सम्बोधन गर्नुपर्छ : डा. संग्रौला

काठमाडौं । नेपाली कांग्रेसकी केन्द्रीय सदस्य डा.डिला संग्रौलाले पार्टीले जेनजी पुस्ताको माग र उर्जालाई सम्बोधन गर्न नसके देशको नेतृत्व गर्न नसकिने बताएकी छन् ।

शुक्रबार सानेपामा जारी केन्द्रीय समितिको बैंठकमा बोल्दै उनले जेनजीहरुको माग र भावना अनुसार पार्टीलाई रुपान्तरण गरेर अघि बढ्नुपर्ने बताइन् ।

'हालै, नेपाली कांग्रेसका जेनजी युवाहरूले देशमा सुशासन र पार्टीभित्र समयानुकूल परिवर्तनको स्पष्ट सन्देशसहित ९ बुँदे अपिल सार्वजनिक गरेका छन्।

उहाँहरूको यो अपिल, कुनै आग्रह होइन, बरु परिवर्तनको अनिवार्य आवश्यकता बोकेको एउटा सचेत आवाज हो। उहाँहरू भन्नुहुन्छः 'सबै बदलिऔं, सबै मिलेर देश बदलौँ।यो आह्वानलाई हामीले गम्भीरतापूर्वक लिनैपर्छ,' उनले भनिन् ।

डा.संग्रौलाले देशभरका महाधिवेशन प्रतिनिधिहरुले विशेष महाधिवेशनको माग राखिसकेकाले अब मंसिरभित्रै नियमित महाधिवेशन गर्नका लागि निर्वाचन कार्य तालिका सार्वजनिक गर्नुपर्ने बताइन् ।

'देशभरिबाट महाधिवेशन प्रतिनिधि साथीहरुले विशेष महाधिवेशनको माग गर्दै पार्टीलाई निवेदन बुझाइ सक्नु भएको छ । उहाँहरुको भावनाको सम्मान गर्दै परम्परागत दलबाट आधुनिक दलका रूपमा नयाँ उर्जाका साथ अघि बढ्न, हामीले आउँदो मंगसिर महिनाभित्रै नियमित १५ औं महाधिवेशन गर्ने कार्यतालिका सार्वजनिक गर्नु पर्छ। सो महाधिवेशनमा कांग्रेसको नेतृत्वमा अहिलेसम्म मुलुकले प्राप्त गरेको उपलब्धिको समीक्षा गर्नुका साथै हाम्रा कमीकमजोरीबारे व्यापक समीक्षा गरिनुपर्छ, उनको भनाइ छ ।

काँग्रेस र अन्य दलहरुसँग भएको गठबन्धनका उम्मेदवारलाई सहयोग नगरेको भन्ने उजुरीका आधारमा या विद्रोही उम्मेदवार उठेको कारणबाट अनुशासन समितिबाट कारबाहीको सिफारिस भएका सबैलाई वर्तमान राजनीतिक परिस्थितिका आधारमा एक पटकका लागि आम माफी दिन समेत उनले प्रस्ताव गरिन् ।

त्यस्तै उनले फागुन २१ गते तोकिएको मितिमा मध्यावधि चुनाव हुन नसकेमा मुलुकअर्को संवैधानिक तथा सुरक्षा संकटमा फस्ने निश्चित भएकाले निर्वाचनलाई सुनिश्चित बनाउँदै लोकतान्त्रिक संविधानलाई सहज मार्गमा अघि बढाउने कार्यमा कांग्रेसले अग्रसरता लिनुपर्ने धारणा राखिन् ।

उनले मुलुकको परराष्ट्र नीति बलियो हुनुपर्ने भन्दै हालसम्म अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले परराष्ट्रमन्त्री नियुक्ति गर्न नसक्नु दुखद् भएको पनि बताइन् । कांग्रेसले काठमाडौंस्थित सबै कुटनीतिक निकायका प्रतिनिधिहरुलाई निम्तो गरेर पार्टीको परराष्ट्र नीतिको बारेमा स्पष्ट पार्न पनि आग्रह गरिन् ।



डा.डिला संग्रौला

आदरणीय कार्यवाहक सभापतिज्यू, केन्द्रीय कार्य समितिका पदाधिकारी तथा सदस्य साथीहरू, जय नेपाल !

आज हामी एक यस्तो महत्त्वपूर्ण मोडमा उभिएका छौं जहाँ बदलिएको समय र युवाहरूको भावनालाई सम्बोधन गर्नु अपरिहार्य भएको छ। यस केन्द्रीय कार्य समितिको बैठकमा देश र पार्टीको भविष्यलाई दिशानिर्देश गर्ने गहन छलफलको अपेक्षा गर्दछु।

हालै, नेपाली कांग्रेसका जेनजी युवाहरूले देशमा सुशासन र पार्टीभित्र समयानुकूल परिवर्तनको स्पष्ट सन्देशसहित ९ बुँदे अपिल सार्वजनिक गरेका छन्।

उहाँहरूको यो अपिल, कुनै आग्रह होइन, बरु परिवर्तनको अनिवार्य आवश्यकता बोकेको एउटा सचेत आवाज हो। उहाँहरू भन्नुहुन्छः 'सबै बदलिऔं, सबै मिलेर देश बदलौँ।यो आह्वानलाई हामीले गम्भीरतापूर्वक लिनैपर्छ।

हामीले स्वीकार गर्नुपर्छ, पूरानै शैली र पूरानै प्रवृत्तिबाट अब कसैले पनि नेतृत्व गर्न सक्दैन। पार्टीलाई आधुनिक, जीवन्त र युवामैत्री बनाउन हामीले आजै दृढ संकल्प गर्नुपर्ने भएको छ। २००७ साल देखि अहिले सम्म मुलुकको हरेक राजनीतिक परिवर्तनमा नेपाली कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गरेको थियो। तर हामी अहिले रक्षात्मक स्थितिमा पुगेका छौं। कांग्रेसलाई अलमलिने छुट छैन। हामीले व्यापक छलफल गरेर मुलुकलाई निकास दिने पर्छ। मुलुकलाई शान्ति, स्थिरता र विकासको बाटोमा डो(याउन कांग्रेसले नै नेतृत्व लिनुपर्छ।

आदरणीय पार्टी सभापतिले भावपूर्ण सम्बोधन गर्दै सक्रिय राजनीतिबाट बिश्राम लिएको संदेश दिनु भएको छ। उहाँको सुस्वास्थ्यको कामना गर्दै पार्टीलाई उहाँले पुराउनु भएको योगदानको म प्रशंसा गर्दछु ।

त्यस्तै यो विषम परिस्थितिमा गहन जिम्मेवारी सम्हाल्नु भएका कार्यवाहक सभापतिज्यूलाई हाम्रो पूर्ण सहयोग रहने विश्वास दिलाउन चाहन्छु।

अब म संक्षेपमा यस बैठकका एजेन्डाहरुबारे चर्चा गर्न चाहन्छु ।

१. भदौ २३-२४ का घटना, जेन्जी प्रदर्सन र विकसित घटनाक्रम

सर्वप्रथम गत भदौ २३ र २४ गते जेन जी प्रदर्शनका क्रममा जीवन गुमाउनु हुने युवा लगायत सम्पूर्ण नेपालीको आत्माको चीर शान्तिको कामना गर्दै घाइते हरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। भदौ २३ गतेको दुखद घटना लगत्तै पार्टीले किन सरकारबाट बाहिरिने निर्णय गरेन ? पार्टीले त्यस्तो निर्णय गरेको भए शायद क्षति कम हुने थियो। खासगरी भदौ २४ का दिन देशभरि कांग्रेस नेतृत्व र कार्यालयहरुमा, हाम्रा साथीहरुको घर घरमा छानीछानी हमला गरियो। कोइराला निवासदेखि चाक्सीबारीसम्म, सन्त नेता किशुनजीको आश्रमदेखि देशैभरि हाम्रा साथीहरुको घरमा कसले आगो लगायो ? छानबिन गरेर दोषी जो कोही पाइए पनि तिनलाई कडा कार्वाहीको माग गर्दछु ।

युवाहरूको मुख्य मागलाई सम्बोधन गर्दै, हामीले तत्काल 'आन्तरिक सुशासन आयोग' गठन गर्नुपर्दछ। यो आयोगले हाम्रा जनप्रतिनिधिहरूको विगतको प्रवृत्ति समीक्षा गर्दै, निश्चित मापदण्डका आधारमा अनुगमन गरी प्रोत्साहन, चेतावनी र कारवाही सिफारिस गर्ने अधिकार राख्नुपर्छ। यसले पार्टीभित्र स्वच्छ छवि र जवाफदेहीता स्थापित गर्न मद्दत पुऱ्याउनेछ। भ्रष्टाचारका हरेक प्रकरणको गहिराइमा गएर निष्पक्ष छानबिन गर्न नेपाली कांग्रेसको प्रष्ट प्रतिबद्धता र पूर्ण सहयोग रहनुपर्छ। सुशासनको स्थापना हाम्रो राजनीतिक एजेन्डाको केन्द्रबिन्दु हुनुपर्छ। पार्टीको यौवन फर्काउन, हामीले विधानमा संशोधनको ढोका खोल्नैपर्छ। आसन्न केन्द्रीय समितिको बैठकले पार्टीको सबै तहमा प्रतिस्पर्धा मार्फत जेनजी उमेर समूहको प्रतिनिधित्व सुनिश्चित गराउने प्रावधान व्यवस्था गर्नुपर्दछ। युवाहरूको उर्जा र दृष्टिकोणलाई पार्टी सञ्चालनमा समावेश नगरी कांग्रेस आधुनिक बन्न सक्दैन।

२.प्रतिनिधिसभा विघटन र फाल्गुन २१ को निर्वाचन

जेनजी आन्दोलनको रापतापमा जुन परिस्थितिमा प्रतिनिधि सभा विघटन गरियो, त्यो हामी सबैले देखेका छौं। सम्माननीय राष्ट्रपतिज्यूले नै निकै जुक्ति लगाएर संविधानलाई जोगाएको र मुलुकलाई निकास दिएको बताई सक्नु भएको छ। अब मुख्य प्रश्न प्रतिनिधि सभा विघटन संविधान सम्मत थियो कि थिएन भन्ने होइन। किन झन्डै दुइ तिहाइ बहुमत भएको सरकार सडक आन्दोलन बाट दुइ दिन मै सत्ताच्युत भयो भन्ने हो। फाल्गुण २१ गते तोकिएको मितिमा मध्यावधि चुनाव हुन नसकेमा मुलुक अर्को सवैधानिक तथा सुरक्षा संकटमा फस्ने निश्चित छ। त्यसैले प्रतिनिधिसभा निर्वाचनलाई सुनिश्चित बनाउँदै लोकतान्त्रिक संविधानलाई सहज मार्गमा अघि बढाउने कार्यमा कांग्रेस अग्रसर हुनुपर्छ। जेनजी आन्दोलनको ताजा हुटहुटीलाई संस्थागत गर्दै, हामीले यो बैठकद्वारा नवयुवा तथा आम नागरिकलाई मतदाता दर्ता गराउनका लागि 'भोट रेडी नेपाल अभियान सञ्चालन गर्ने निर्णय गर्नुपर्छ।

३ मुलुकको शान्ति सुरक्षा, प्राकृतिक विपत् र पुनर्निर्माण

अहिले मुलुकको शान्ति सुरक्षा अत्यन्तै नाजुक स्थितिमा रहेको छ। पांच हजार भन्दा बढी कैदी बन्दीहरु अझै फरार छन्। ठूलो मात्रामा बन्दूक लगायत हातहतियारहरु लुटिएका छन्। फरार कैदी बन्दीहरु विभिन्न आपराधिक कार्यमा संलग्न भएको समाचारहरु आइरहेका छन्। भदौ २३ र २४ गतेको प्रदर्शनमा बल प्रयोग, तोडफोड र आगजनीको गहिरो छानबिन गरी दोषीलाई कारवाहीको दायरामा ल्याउन हामीले सरकारलाई खबरदारी गर्नु पर्छ। यसले निर्दोषलाई आरोपबाट मुक्ति दिलाउनेछ र विधिको शासनप्रति हाम्रो विश्वासलाई बलियो बनाउनेछ। स्वतन्त्र र निस्पक्ष निर्वाचनको पूर्व शर्त भनेको विना कुनै भय त्रास मतदान गर्न पाउने वातावरणको सुनिश्चितता नै हो। त्यसको लागि कांग्रेसले सरकार र निर्वाचन आयोगको ध्यानाकर्षण गराउनु पर्छ। हालै गएको बाढी पहिरो ले देश भरि नै धनजनको ठूलो क्षति गरेको छ। म पार्टीको निर्देशन अनुसार इलाम जाँदा पनि त्यहाँ साथीहरुले सम्भाव्य विपदको चर्चा गर्नु भएको थियो। इलाम लगायत देशैभरि बाढी तथा पहिरो पीडित जनसमुदायलाई राहत तथा पुनर्स्थापनाका लागि तीनै तहका सरका हरुसंग समन्वय गरेर, हाम्रा साथीहरुलाई परिचालन गरेर काम गर्न अनुरोध गर्दछु।

४. १५ औं महाधिवेशनको कार्यतालिका

देशभरिबाट महाधिवेशन प्रतिनिधि साथीहरुले विशेष महाधिवेशनको माग गर्दै पार्टीलाई निवेदन बुझाइ सक्नु भएको छ। उहाँहरुको भावनाको सम्मान गर्दै परम्परागत दलबाट आधुनिक दलका रूपमा नयाँ उर्जाका साथ अघि बढ्न, हामीले आउँदो मंगसिर महिनाभित्रै नियमित १५ औं महाधिवेशन गर्ने कार्यतालिका सार्वजनिक गर्नु पर्छ। सो महाधिवेशनमा कांग्रेसको नेतृत्वमा अहिलेसम्म मुलुकले प्राप्त गरेको उपलब्धिको समीक्षा गर्नुका साथै हाम्रा कमीकमजोरीबारे व्यापक समीक्षा गरिनुपर्छ। तिहार र छठ पर्व लगत्तै सातै प्रदेशमा तीनदेखि पांच दिन लामो चिन्तन शिविर संचालन गरी आगामी दश वर्षका लागि नेपालको शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, परराष्ट्र सम्बन्ध लगायतका विषयमा व्यापक छलफल गरी नेपालको रुपान्तरणको खाका आगामी महाधिवेशनमा प्रस्तुत गर्न पनि म प्रस्ताव गर्दछु।

हाम्रा सबैजसो भ्रात्री संस्थाहरुमा लामो समयदेखि अधिवेशन हुन सकेको छैन। सबैजसो संस्थाहरुमा गुट बन्दी व्याप्त छ। त्यसैले नेपाल विद्यार्थी संघ लगायतका भ्रातृ संस्थाहरूलाई नवयुवा जोड्ने नर्सरीका रूपमा पुनःपरिकल्पना र पुनःसंरचना गर्न अपरिहार्य छ। यसका लागि तत्कालै एक कार्य योजना बनाउन म प्रस्ताव गर्दछु।

५.अनुशासन समितिबाट कारबाहीको सिफारिस सम्बन्धमा:

अनुशासन कुनैपनि संस्थाको आधारभूत तत्व हो। तर कुनै पनि पूर्वाग्रह राखेर अनुशासनको डण्डा चलाईयो भने त्यसले संस्थालाई कमजोर बनाउँछ।

२०७९ सालमा नेपाली काँग्रेस र अन्य दलहरुसँग भएको गठबन्धनका उम्मेदवारलाई सहयोग नगरेको भन्ने उजुरीका आधारमा या विद्रोही उम्मेदवार उठेको कारणबाट अनुशासन समितिबाट कारबाहीको सिफारिस भएका सबै साथीहरुलाई वर्तमान राजनैतिक परिस्थितिमा एक पटकका लागि आम माफी दिन प्रस्ताव गर्दछु । त्यस्तै विभिन्न समयमा कारणबस कांग्रेसको मुलप्रवाहवाट वाहिरिएका सबै साथीहरुलाई राष्ट्रको साझा भविष्य निर्माण गर्न कांग्रेसको मुलधारमा आउने आह्वान गर्न पनि म प्रस्ताव गर्द छु। राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, उदारवाद र समाजवादमा विश्वास गर्न सबै लोकतन्त्रवादीहरु अटाउने ‌बिग टेन्टु पार्टीको रुपमा कांग्रेस पार्टीलाई रुपान्तरण गर्न पनि म प्रस्ताव गर्दछु।

६ परराष्ट्र सम्बन्ध :

नेपालको परराष्ट्र सम्बन्ध अहिले निकै नाजुक अवस्थामा छ। नेपालले अपनाउदै आएको एक चीन नीति विरुद्ध खुला गतिविधि हुन लागेका आशंकाहरु उत्पन्न भै रहेका छन्। हाम्रा निकट छिमेकीहरु को हित विपरित काम गरेर हामी शक्ति राष्ट्रको खेल मैदान बन्न चाहदैनौ। तत्कालिन प्रधानमंत्री केपी शर्मा ओलीले बेइजिंगमा रुसी राष्ट्रपति भ्लदिमिर पुटिनसंग आधा घण्टा लामो भेटघाट गरेर फर्केको एक साताभित्रै कसरी सत्ताच्युत हुनु पर्यो, मुलुकले यत्रो क्षति व्यहोर्नु पर्यो, हामीले विश्लेषण गर्नुपर्छ। अन्तरिम सरकारका प्रधानमंत्री सुशीला कार्कीले सबैभन्दा पहिले गृह, अर्थ र परराष्ट्र मंत्री नियुक्त गर्नु पर्ने थियो, तर सरकारले अहिलेसम्म परराष्ट्र मंत्री नियुक्त गर्न सक्नु भएको छैन। त्यसैले नेपाली कांग्रेसले काठमाडौंस्थित सबै कुटनीतिक निकायका प्रतिनिधिहरुलाई निम्तो गरेर हाम्रो पार्टीको परराष्ट्र नीतिको बारेमा स्पष्ट पार्न पनि म सुझाव दिन चाहन्छु।

अन्त्यमा,

हामीले हिजो जे गऱ्यौं, त्यो इतिहास हो। आजको पुस्ता, जसलाई जेनजी भनिन्छ, उनीहरूको सपना, उनीहरूको इमान्दार आक्रोश र उनीहरूको बदलिने हुटहुटीलाई पार्टीले नसमेटेसम्म नेपाली कांग्रेसले राष्ट्रको नेतृत्व गर्न सक्दैन।

जननायक बी पी कोइराला भन्नु हुन्थ्यो-कुनै पनि राजनीतिक दलको मुख्य काम भनेको आम जनताको भावना र चाहनालाई आवाज दिने हो। जुन दिन हामीले जनता जनार्दनको भावनालाई मुखरित गर्न सक्दैनौ, त्यसै दिन देखि हाम्रो औचित्य सकिन्छ। त्यसैले, व्यक्ति, गुट वा पार्टी भन्दा माथि उठेर समग्र मुलुकको हितका लागि 'समृद्ध नेपालका अल्गी नयाँ कांग्रेस' भन्ने नारा लिएर हामी अगाडी बढौं। हामी सबैले संकल्प गरौं, 'हामी बदलिन्छौं र सबै मिलेर देश बदल्छौं।' धन्यवाद। जय नेपाल ।

# सुशिला र ओमप्रकाशहरूबाट निकास असम्भव : प्रभु साह



सिरहा । आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले अहिलेको सरकारले देशलाई निकास दिन नसक्ने दाबी गरेका छन् । प्रधानमन्त्री सुशीला कार्कीको सत्तामा उदय नै अदृश्य तवरले भएकोले यो सरकारले देशलाई सही दिशा दिन नसक्ने साहको टिप्पणी छ । पूरानै संविधान र पूरानै व्यवस्था राखेर अघि बढ्दा गन्तव्य पनि पूरानै नेपाल हुने उल्लेख गर्दै साहले अबको निकास भनेको नै 'सरकार बदलावसंगै व्यवस्थाको पनि बदलाव हो । अन्तरिम सरकार र अन्तरिम संविधान' भएको ठोकुवा गरे ।

शुक्रबार सिराहाको सुखीपुर नगरपालिका -१० दहिपौरी बजारमा दशैं, दिपावली, छठ पर्वको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै साहले सुशीला कार्की र ओमप्रकाश अर्यालले 'देश नबुझ्केको र जनता नै नचिनेको' आरोप लगाउँदै उनीहरूको नेतृत्वमा देशले निकास नपाउने टिप्पणी गरे । उनले बरु झन संकटको भूमरीमा फसेको आरोप लगाएका हुन् ।

उनले फेक जेन-जीहरुको सहारा लिएर मुलुकको शासन-सत्ता हात पारेका सुशीला कार्कीहरुले देशलाई अनन्त कालसम्म संकटमा धकेल्ने कुचेष्टा गरिरहेकोले अब जनताको सहभागितामा निर्णायक संघर्ष गर्न जरुरी रहेको पनि आवश्यकता औंल्याए ।

'सुशीला कार्कीहरू जेन-जी आन्दोलनका अपहरणकारीहरू हुन् । जेन-जी विद्रोहमा जसरी केपी ओली र रमेश लेखकहरुले दमन गरे, त्यो भन्दा बढि युवाहरुको सपना अनि भावनामाथि यी सुशीला र ओमप्रकाश अर्यालहरुले फोहोरी खेल खेलेका छन् । षड्यन्त्र गरेका छन् । छलछाम गरेका छन् । यो कुरा अहिले न्यायप्रेमी जनताले थाहा पाईसके,' आजपा अध्यक्ष साहले भने ।

उनले प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्याललाई केपी ओली र आरजु राणा देउवाकै नयाँ भेरिएन्टको संज्ञा दिए । उनले थपे, 'यिनीहरुले देशलाई निकास दिन सक्दैनन् । बरु, देशलाई झनै षड्यन्त्रको भड्खालोमा हालेका छन् । यिनीहरुको छद्यमभेषी चरित्र छ । ढुक्क हुनुहोस, यिनीहरुले देशलाई लिड गर्न सक्दैन् । बरु, संक्रमणकालको फाईदा लिएर व्यक्तिगत डिल गर्न तत्पर देखिन्छन् । हामीले देशव्यापी रुपमा अब यो सरकारको भण्डाफोर गर्नुपर्छ ।'

२१ फागुनमा प्रतिनिधिसभाको चुनाव गराउने म्याण्डेट पाएको सरकार आफ्नो मूल उद्देश्यबाट च्यूत भई बरालिएको साहको आरोप छ । उनले भने, 'यो सरकारले म्याण्डेटलाई ध्यान दिनुको साटो म्यानुपुलेशन गरिरहेको छ । अहिलेका मन्त्रीहरुले हिराईजिम देखाईरहेका छन् । यिनीहरु सोसल मिडियाले बनाएका हिरो हुन्, जनताको सेवाको हिसाबले त जिरो हुन् ।'

राष्ट्रपतिले पूरानै संविधानअनुसार नियुक्त गरेको प्रधानमन्त्रीले जेनजीहरुको भावना बुझ्न नसक्ने भन्दै साहले तत्काल सुशीला कार्कीलाई मार्गप्रशस्त गरेर मुलुकलाई सही दिशा दिन सुझाएका छन् । उनले भने, 'यो सरकारले देशलाई पार लगाउन सक्दैन्, यसको जन्म नै शितलनिवासको शितल तापेर भएको छ, युवाहरुले पूरानो व्यवस्था र संविधान खराब भएर जनताको अवस्था खराब भएको भनेर विद्रोह गरेका हुन् । यो विद्रोह युवाको मात्रै विद्रोह थिएन, यसमा त पूरै जनताको साथ थियो । मैले यसलाई जनविद्रोह भन्ने गरेको छु । विद्रोहपछिको अवस्था नेतृत्वविहीन हुँदा सुशीला कार्की, ओमप्रकाश अर्यालहरुले धोकाको राजनीति गरे।'

नेपाली राजनीति बजारमा जेनजीको नाममा सुशीलाहरुले नै थरि-थरिका जेन-जी समूह जन्माएको र उनीहरुको भावनामाथि कुठराघात गरेको साहको आरोप छ । उनले अहिले सरकारमा सहभागी भएकाहरु र उनीहरुको परिवारको सदस्य कोहीपनि जेनजी विद्रोहमा प्रत्यक्ष संलग्न नभएको बताए । उनले भने, 'जेनजी आन्दोलनमा भाग नलिने, छोरा-नाति कोही पनि सडकमा नउत्रिने तर सत्ताको भाग खान यिनीहरु टुपुल्क आए, यो आँफैमा षड्यन्त्र होईन त ? यति धेरै युवाले बलिदानी दिनुभएको छ, उहाँहरुको परिवार आजपनि पीडामा छ, तर सुशीला म्याडमहरु अनेक षड्यन्त्र गरेर सत्तामा उदाए, यो जेनजी पुस्तामाथिको धोका हो, षड्यन्त्र हो ।'

आजपा अध्यक्ष साहले भ्रष्टाचारी, जेनजी आन्दोलनका हत्यारालाई कारबाही नगर्ने हो भने सुशीला कार्कीलाई सत्तामा एक मिनेट पनि बस्ने नैतिक अधिकार नभएको बताए ।

आफ्नो दल आजपाले देशको बेथिति, बिसंगति र भ्रष्टाचार अन्त्यका लागि निरन्तर सडकदेखि सदनसम्म संघर्ष गरेको पनि साहले स्मरण गराए । दुई वर्षअघि नै आफूले तेस्रो जनआन्दोलनको ऐलान गरेको स्मरण गराउँदै साहले देशको सही निकास भनेको अहिलेको संविधानको खारेजी र नयाँ सरकार गठन भएको बताए ।

आजपा नेता राजेश्वर साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आजपाका नेताहरू बिल्टु यादव, उमेश कुशवाहा, उदय साह, बिजय यादव, विवेक साह, श्रीनिवास साह, खुशीलाल यादव, ओमप्रकाश यादव, मिनादेवी झा लगायतको बिशेष सहभागिता रहेको आजपा सचिवालय सदस्य सुभाष साहले जनाएका छन् ।

# 'सुशिला कार्कीबाट केही हुन्न, राजीनामा दिनुपर्छ'




काठमाडौं । पहिला देश (पिपुल्स रेभुलेसन) अभियानले सुशिला कार्कीले राष्ट्रको हितमा काम गर्ने छाँट नदेखिएको भन्दै राजीमाको माग गरेको छ । बिहिबार राजधानीको संवाद डबलीमा संयुक्त पत्रकार सम्मेलनको आयोजना गरी सरकारले न्याय नदिएको भन्दै कार्तिक १६ गतेदेखि सरकारविरुद्ध आन्दोलनको घोषणा गरेका छ ।

जेन्जीले गरेको ऐतिहासिक आन्दोलनबाट जनताले ठूलो आशा राखेको तर वर्तमान सरकारले वेवास्ता गरेको भन्दै पहिला देशका संयोजक एसपी शाहले जेन्जी, लघुवित्त, सहकारी, मिटर ब्याज, बैंकलगायतका पीडितले न्याय नपाउन्जेल निरन्तर संघर्ष गर्ने चेतावनीसमेत दिएका छन् ।

शाहले संविधान परिमार्जन सभाको गठनको माग गर्दै आफूहरुले अगामी १६ गते सांकेतिक प्रदर्शनको घोषणा गरेको पनि जानकारी गराए । जेन्जीले २७ घण्टामा सत्ता पलट गरे पनि वर्तमान सरकार पुरानै डर्राभन्दा फरक नभएकोप्रति दुःख व्यक्त गर्दै भने,"शुसिला कार्कीको सरकार न घोडा, न गधा, खच्चड जस्तैः भयो, यसबाट देशले निकास नपाउने भएकाले राजीनामा गर्नुपर्छ ।

पहिला देशका संरक्षक मनिराम ज्ञवालीले जेन्जी आन्दोलनको आँधिहुरीबाट निर्माण भएको वर्तमान सरकार पनि केपी ओलीको भन्दा फरक नभएकोले संविधान परिमार्जन सभामार्फत देशलाई निकास दिनुपर्ने बताए । लघुवित्त पीडित संघर्ष समितिका अध्यक्षसमेत रहेका ज्ञवालीले वित्तीय शोषणको अन्त्य र विशेष वित्तीय ऐन खारेजको माग गर्दै, त्यसको मुख्य बाधक राष्ट्र बैंक भएको आरोप लगाए । ज्ञवालीले केपी ओली र रमेश लेखकको स्वेच्छाचारीताले देशले ठूलो संकट भोगेको आरोप लगाउँदा जेन्जीको मर्म अनुसार वर्तमान सरकारले देशलाई अगाडी बढाउनुपर्ने माग राखेका छन् ।

मिटर ब्याजी तथा किसान मजदूर आन्दोलनका सचिवालय सदस्य सूरेश घिमिरे र विकास स्नेहीले मिटर ब्याज पीडितहरुका माग तीन-तीन पटका आयोगमार्फत प्रतिवेदन बने पनि पीडितले न्याय नपाएको गुनासो गरेका छन् । "जनतामारा मिटर ब्याजी तथा शोषकहरुले लिखित गरेका जाली तमसुक र चेकहरु रद्ध नगरेसम्म पीडितले न्याय पाउँदैनन्" घिमिरेले थपे ।

नागरिक युवा दस्ताका संयोजक तथा पहिला देशका संस्थापक सदस्य सम्भू थापाले ठूला बैंक र वित्तीय संस्थाहरुले ब्रह्मलुट गरेको आरोप लगाउँदै भने,"कुने पनि वित्तीय पीडितहरुलाई कालो सूचि र धितो लिलाम गरि सुकुम्बासी बनाए कडा आन्दोलन हुन्छ ।" एन्टेक जे जेन्जीका सुरेन्द्र घर्ति, सुनिल सिंह र विकाश रसाइलीले वर्तमान सरकारले आफूहरुलाई वेवास्ता गर्दै एन्जीयो तथा आइएन्जीयोहरुको प्रभावमा परि देशलाई थप द्वान्द्वतर्फ धकेल्न खोजेको आरोप लगाए । जेनवाईका प्रतिनीधी सौरब भण्डारीलगायतले सरकारप्रति आक्रोश व्यक्त गर्दै तत्कार संविधान परिमार्जिन सभाको गठन हुनुपर्ने माग गरे ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
